नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७८/७९ चौतारा

# जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकबाट जारी आदेश

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्वन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८/०५/१९ गतेबाट २०७८/०५/३१ गतेसम्म लागू हुने गरी तपसिल बमोजिम गर्न/गराउन सर्वसाधारण सबैको लागि अनुरोध छ ।

१. स्थानीय तहहरुबाट विद्यालय संचालन गर्ने सम्वन्धमा अनुरोध भईआएकोले मिति २०७८/०३/१४ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार स्वास्थ्य कार्यालय प्रमुख तथा शिक्षा विकास तथा समन्वय इकाई प्रमुख समेतको समिति गठन गरिएकोमा उक्त समितिबाट प्राप्त प्रतिवेदन समेतलाई आधार लिई शैक्षिक संस्थाहरु (विद्यालय) भौतिक उपस्थितिमा पठन पाठन गर्न/गराउन पर्ने भएमा नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउनको प्रावधान भित्र रही स्थानीय तहहरुले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रसँग समन्वय गरी विद्यालयहरु संचालन गर्न सक्ने ।
२. अनावश्यक रुपमा मानिसहरु जम्मा हुने, भिडभाड गर्ने, सभा जुलुश गर्ने, जात्रा महोत्सव, भोज आदि नगर्ने/नगराउने ।
३. यस अवधिमा पर्ने चाडपर्वहरु स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरी न्यूनतम सहभागितामा साङ्केतिक रुपमा मात्र मनाउन पाउने ।
४. सर्वसाधारण व्यक्ति, समूह तथा संस्था लगायतका निकायहरुबाट आर्थिक, सामाजिक तथा व्यवसायिक गतिविधिहरु संचालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरेर मात्र गर्ने ।
५. कोभिड-१९ सम्वन्धि आदेशको प्रभावकारी पालना सम्वन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गरिनेछ । अनुगमनका क्रममा यस आदेशको अवज्ञा भएको पाइएमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश २०७८ अनुसार कारवाही हुनेछ । संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि बेला पुनरावलोकन गर्न सकिनेछ ।

मितिः- २०७८/०५/१८

(बाबुराम खनाल)
निमित्त प्रमुख जिल्ला अधिकारी
नि० प्रमुख जिल्ला अधिकारी